# भुम्लु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

सल्ले भुम्लु, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मिति: २०८१/०५/०५

**काभ्रेपालाञ्चोक जिल्ला, भुम्लु गाउँपालिका अन्तर्गत पर्ने इन्द्रावती र सुनकोशी नदीको विभिन्न बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् / संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना ।**

भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सल्ले भुम्लु, काभ्रेपलाञ्चोक जिल्ला, बागमती प्रदेशद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम र ठेगाना | भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सल्ले भुम्लु, काभ्रेपलाञ्चोक जिल्ला बागमती प्रदेश |
|---|---|
| प्रस्तावको व्यहोरा | काभ्रेपलाञ्चोक जिल्ला भुम्लु गाउँपालिका अन्तर्गत पर्ने इन्द्रावती र सुनकोशी नदीको विभिन्न बगर क्षेत्रबाट दिगो र वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण **(IEE)** प्रतिवेद तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना ।<br>**उत्खनन् / संकलनका लागि प्रस्ताव गरिएका बगरहरु**<br>• बाधा बगर<br>• आमथली र पाटी बगर<br>• काफ्लेका गर्तिला, लामपाते र देउपाले बगर<br>• डडुवा बगर |
| प्रभाव पार्न सक्ने क्षेत्र | काभ्रेपलाञ्चोक जिल्ला, भुम्लु गाउँपालिका, वडा नं. १, ७, ९ र १० |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्ता प्रभाव पर्दछ भनि एकिन गर्न सो क्षेत्रको स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवाला सँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान बमोजिम पहिले तोकिएको मितिमा विविध कारणले हुन नसकेकोमा हाल निम्न स्थान, मिति र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकोले सम्पूर्ण सरोकारवालाहरुलाई उक्त कार्यक्रममा उपस्थित भइ आफ्नो अमुल्य राय तथा सुझावहरु दिनुहुन अनुरोध गरिन्छ ।

<u>सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय</u>

स्थान : भुम्लु गाउँपालिका, कोशीपारी बजार
मिति : २०८१/०५/१२ गते, बुधवार
समय : दिउँसो १ बजे

सुदर्शन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत